नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
Ext: १५
फ्याक्स : ०१-४४१४३११

पो.ब.नं.४०७
लाजिम्पाट, काठमाडौं

पत्र संख्या: २०८०/०८१
प्रा.प.सं. :

मिति: २०८१/०१/१८ गते।
ने.स.११४४ चैलागा, ७ मंगलबार।

## प्रेस विज्ञप्ति-३६

### "पर्वतमा दम्पत्ती हत्यामा संलग्न पक्राउ"

मिति २०८०/१२/१९ गते रातको समयमा जिल्ला पर्वत, जलजला गा.पा., वडा नं. २, दह स्थित आफु बस्ने २ तले पक्की घरको भुई तलाको कोठामा वर्ष ६९ को सुर्य बहादुर घर्ती क्षेत्री र निजको श्रीमती वर्ष ६३ को गमला घर्ती क्षेत्रीलाई अज्ञात व्यक्तिहरुले काठको मुङ्ग्रो र धारिलो हतियार प्रयोग गरी हत्या गरेको घटनामा अनुसन्धानको लागि यस ब्यूरोबाट अनुसन्धान टोली जिल्ला प्रहरी कार्यालय, पर्वतमा खटिई गई गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा, नेपाल प्रहरी प्रदेश कार्यालय, पोखरा, जिल्ला प्रहरी कार्यालय, पर्वत र जिल्ला प्रहरी कार्यालय, म्याग्दी समेतको संयुक्त अनुसन्धान टोलिले सो घटनाको सफल अनुसन्धान गरी घटनामा संलग्न निम्न ब्यक्तिहरुलाई मिति २०८१/०१/१८ गते पक्राउ गरी मुलुकी अपराध संहिता, २०७४ अन्तर्गत ज्यान सम्बन्धी कसुरमा थप अनुसन्धान एवं कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय, पर्वतमा बुझाइएको।

साथै निजहरुले सुनको गहना तथा नगद लुट्ने उद्देश्यले हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको।

**पक्राउ व्यक्तिहरुको विवरण**

१. नाम थर: **कृष्ण बहादुर विश्वकर्मा**
उमेर: ३२ बर्ष
ठेगाना: जिल्ला पर्वत जलजला गा.पा. वडा नं. २, नेपाने ।
पक्राउ मिति/स्थान : २०८१/०१/१८ गते/ जिल्ला पर्वत जलजला गा.पा. वडा नं. ३, पर्वत बेनी।



२. नाम थर: **दिपक दर्जी**
उमेर: ३२ बर्ष
ठेगाना: जिल्ला पर्वत कुश्मा न.पा. वडा नं. २, फुर्कोट स्थायी वतन भई हाल जिल्ला कास्की पोखरा म.न.पा. वडा नं. ८, नयाँबजार डेरा गरी बस्ने।
पक्राउ मिति/स्थान : २०८१/०१/१८ गते / जिल्ला कास्की, पोखरा म.न.पा., वडा नं. ८, नयाँबजार।



**बरामद दशी :**

१. घटनामा प्रयोग भएको काठको मुङ्ग्रो थान -३ र काठको लाठी थान-१
२. घटनामा प्रयोग भएको हँसिया थान – १
३. गहना गालेको सुन आधा तोला

**प्रवक्ता तथा सूचना अधिकारी**
**(होबिन्द्र बोगटी)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क: ९८५१२८१३४१**